# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

**केन्द्रीय कार्यालय, मध्य वानेश्वर काठमाण्डौ । फोन नं. ०१-४५९५५१३**

## कर्मचारी आवश्यकता

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०८/१२ गते)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको यस छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको लागि देहाय बमोजिमको पदमा खुला प्रतियोगिताबाट कर्मचारी भर्ना गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट मिति २०८१/०८/२८ गते भित्र यस वित्तीय संस्थाको तल उल्लेखित ठेगानामा आइपुग्ने गरि दरखास्त आव्हान गरिएको छ । दरखास्त फारामका साथ दरखास्तवालाको वायोडाटा, पासपोर्ट साइजको ३ प्रति फोटो, शैक्षिक योग्यता, नागरिकता, तालिम तथा अनुभवहरुको प्रमाणपत्रको प्रतिलिपीका साथ सम्पर्क फोन नं. उल्लेख गरि पेश गर्नुपर्नेछ । छनौट सूची (सर्ट लिष्टीङ्ग) मा परेका आवेदकहरुलाई मात्र लिखित तथा अन्तर्वार्ता परीक्षामा समावेश गरिने छ । प्राप्त दरखास्तहरु कारण खोलि वा नखोलि स्वीकृत/अस्वीकृत गर्ने वा विज्ञापन रद्द गर्ने सम्मको अधिकार यस वित्तीय संस्थाको पदपूर्ति समितिमा सुरक्षित रहनेछ ।

**तपशिल :**

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ०२/०८१/८२ | सहायक ईकाई प्रवन्धक | सहायक चतुर्थ तह | २३ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । | **वान्छनिय योग्यता :** # कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश अन्तर्गतका जिल्लाहरुबाट नागरिकता प्रमाण पत्र लिई सोही प्रदेशहरुको शैक्षिक संस्था वाट एस.एल.सि./एस.ई.ई. वा प्रविणता प्रमाणपत्र तह उतिर्ण गरेको हुनुपर्नेछ । # ग्रामिण एवं दुर्गम क्षेत्रमा बसी काम गर्न इच्छुक भएको । |

**अन्य आवश्यक जानकारी :**

**(क) उमेर :** दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । महिला उम्मेदवारको हकमा अधिकतम उमेरमा ५ वर्ष थप हुनेछ । **(ख) छनौट प्रकृया :** लिखित र अन्तर्वार्ता । **(ग) दरखास्त फाराम पाउने तथा बुझाउने स्थान :** # दरखास्त फाराम संस्थाको तोकीएको शाखा कार्यालयहरुबाट वा यस वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट download गरी प्राप्त गर्न सकिनेछ । # पूर्णरुपमा भरेको आवेदन फाराम, परीक्षा दस्तुर बापतको रकम जम्मा गरेको भौचर, लगायत अन्य आवश्यक सम्पूर्ण कागजातको साथ दरखास्त फाराम यस वित्तीय संस्थाको निम्न शाखा कार्यालयहरुमा बुझाउनु पर्नेछ : **(१)** इटहरी क शाखा (सुनसरी) सम्पर्क नं. : ०२५-५८४७३९ **(२)** पोखरा शाखा (कास्की) सम्पर्क नं. : ०६१-५७१४६८ **(३)** बुटवल शाखा (रुपन्देही) सम्पर्क नं. : ०७१-५३३४२६ **(४)** सुर्खेत शाखा (सुर्खेत) सम्पर्क नं. : ०८३-५२५३६९ **(५)** गेटा शाखा (कैलाली) सम्पर्क नं. : ०९१-५५१२६६ **(घ) सेवा सुविधा :** वित्तीय संस्थाको नियमानुसार । **(ङ) दरखास्त दिन पाउने अन्तिम मिति :** २०८१/०८/२८ गते कार्यालय समय भित्र । **(च) परीक्षा दस्तुर :** रु.३००।- (अक्षरेपी तीन सय रुपैयाँ मात्र ।) **(छ) परीक्षा दस्तुर जम्मा गर्ने बैंक तथा खाता नं. :** # **खातावालाको नाम :** छिमेक लघुवित्त वित्तीय संस्था लि. # खाता नं. : ०७८००७६५७६७०००३१ # **खाता रहेको बैंक :** प्रभु बैंक लि., नयाँ बानेश्वर शाखा (वा दरखास्त फाराम बुझिलिन तोकिएका शाखा कार्यालयहरुमा परीक्षा दस्तुर नगद नै बुझाउन पनि सकिनेछ ।) **(ज) परीक्षाको मिति, समय र स्थान :** वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट जानकारी दिईनेछ । **(झ) नियुक्ति प्रकृया :** लिखित तथा अन्तर्वार्ता परीक्षामा उतिर्ण भएका उम्मेदवारहरुलाई कम्तीमा ६ महिनाको विषयगत तथा वस्तुगत तालिममा समावेश गराईनेछ । ६ महिनाको तालिम पश्चात पुनः परीक्षा लिई उतिर्ण भएका उम्मेदवारहरुलाई वित्तीय संस्थाको नियमानुसार ६ महिना अवधिको लागि परीक्षणकालको नियुक्ति दिईनेछ । काम सन्तोषजनक भएमा त्यस पश्चात स्थायी नियुक्ति दिईनेछ । **(ञ)** विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ । **(ट)** छनौट सूची (सर्ट लिष्टीङ्ग) मा परेका आवेदकहरुको जानकारी यस वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट दिईनेछ । रितपुर्वक प्राप्त नभएका आवेदनहरु स्वतः रद्द हुनेछन् । **(ठ)** कर्मचारी भर्ना प्रकृया अवधिमा यस तहमा थप दरबन्दी रिक्त हुन आएमा सो दरबन्दी संख्यालाई समेत आवश्यक संख्यामा थप गर्न सकिनेछ ।